नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या ०७७/७८

चौतारा

## जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको रोकथाम, नियन्त्रण र उपचार सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।१२।०५ गतेको बैठकको निर्णय कार्यान्वयन गर्न देहायअनुसार गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. यस सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गा.पा अन्तर्गत तातोपानी प्रवेश विन्दु हुदै नेपाल प्रवेश गर्ने यात्रुहरुको आवागमन विगतमा समेत स्थगित गरिएकोमा सो कार्यलाई निरन्तरता दिने ।

२. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।१२।०९ गतेको निर्णयानुसार मिति २०७६।१२।११ गते देखि सुरु भई विभिन्न मितिमा हेरफेर तथा थपघट सहित लागू रहेको बन्दाबन्दी (लकडाउन) सम्वन्धी व्यवस्था मिति २०७७।०४।६ गते मंगलबार (तदनुसार २०२० जुलाई २१) मध्यरात पछि अन्त्य भैसकेको छ । बन्दाबन्दी (लकडाउन) सम्वन्धी व्यवस्था बाहेक कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्वन्धमा गरिएका अन्य व्यवस्था यथावत कायम रहनेछ ।

३. जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने र संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालयले तोकेका मापदण्ड बमोजिम हुने गरी देहाएका सेवा तथा कार्यहरु मिति २०७७।०४।१५ गते देखि संचालन गर्नेः-

क. होटल, रेष्टुरेन्ट (सामूहिक भोज, पार्टी, सेमिनार वा अन्य सामूहिक भेला बाहेक);

ख. ट्रेकिङ्ग, ट्राभल, पर्वतारोहण लगायत पर्यटन व्यवसाय ।

४. जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने गरी देहाएका सेवा तथा कार्यहरु मिति २०७७ भाद्र १ गते देखि देहायबमोजिम संचालन गर्नेः-

क. भौतिक पूर्वधार तथा यातायात मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुनेगरी छोटो, मध्यम र लामो दुरिमा जिल्ला भित्र तथा अन्तर जिल्ला संचालन हुने निजि तथा सार्वजनिक यात्रुवाहक सवारी साधनहरु

ख. संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुने गरी सो मन्त्रालयले तोकेका आन्तरिक तथा अन्तराष्ट्रिय तथा व्यावसायिक तथा अन्य उडानहरु

ग. अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल

घ. विद्यार्थी भर्ना, शैक्षिक र अन्य परीक्षा संचालन ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या ०७७/७८

चौतारा

५. देहाय बमोजिमका सेवा र कार्यहरु अर्को सूचनाबाट तोकिएको मिति देखि मात्र संचालन गर्ने:-

क. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, टयुसन सेन्टर, तालिम केन्द्र)

ख. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार

ग. सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन

घ. सिनेमा हल, पार्टीप्यालेस, डान्सबार लगायतका मनोरञ्जनस्थल

ङ. सैलुन, ब्युटीपार्लर तथा स्पा

च. स्विमिङपुल, जिमखाना लगायत हेल्थ क्लव

छ. समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुती

ज. सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल

झ. पुस्तकालय, संग्रहालय र चिडियाखाना ।

६. सबै प्रकारका सेवा तथा कार्यहरु संचालन गर्दा दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरी सेवा र कार्यहरु संचालन गर्नुपर्नेछ ।

७. व्यवसायीहरुले औषधि र औषधिजन्य सामाग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने । अभाव देखाइ मूल्य वृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिने, सामाग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा प्रयोग गरिनेछ ।

८. संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अपहेलना गर्ने वा काममा वाधा पुर्याउने व्यक्तिलाई सोहि ऐन बमोजिम सजाय हुनेछ ।

मिति: २०७७।०४।०९

उमेश कुमार ढकाल
प्रमुख जिल्ला अधिकारी